CC-0. In Public Domain. Digitization by eGangotri

आद्य जगद्गुरु शङ्कराचार्यकृत

अच्युताष्टकं स्तोत्र

(सरल नेपाली टीका सहित)

डा. क्षितीश चन्द्र चक्रवर्ती

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

शंकराचार्यकृत

अच्युताष्टक स्तोत्र

(सरल नेपाली टीकासहित)

टीकाकार

ब्रह्मज्ञानी श्री गुरुदेव

डा० क्षितीशचन्द्र चक्रवर्ती

संस्थापक – अद्वैत संस्था, नेपाल ।

CC-0. In Public Domain. Digitization by eGangotri

★ प्रकाशक:

श्रीमती कृष्णमाया श्रेष्ठ

असन, काठमाडौं ।

★ प्रकाशन मिति:

२०५१ बैशाख १ गते नववर्ष

★ सर्वाधिकार:

अद्वैत संस्था, नेपाल ।

★ प्रथम संस्करण: १०००

२०२६

★ द्वितीय संस्करण: १००० प्रति

★ मूल्य: रु. १०/-

★ मुद्रक:

पवित्र प्रिन्टिङ्ग प्रेस,

अद्वैत मार्ग (बागबजार), काठमाडौं - ३१

☎ २-२५६२३

Nepal Rashtriya Rewati Smarak
Rashtriya Rewati Memorial
Kathmandu-Nepal
362

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मज्ञानी श्रीगुरुदेव

डा० क्षितीशचन्द्र चक्रवर्ती

एम. ए., डी. फिल., बी. एल.

वि० सं० १९५६ बै. शु. पञ्चमी ☐ वि० सं० २०४१ चै. शु. एकादशी

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

आशीर्वचन

अद्वैत संस्थाका भक्तजनहरूद्वारा प्रकाशित पुस्तक, पुस्तिकाहरूको विशेषता यो हो कि त्यसमा सम्पूर्ण द्वैत-प्रपञ्चको श्रुति, युक्ति र विद्वद्अनुभवद्वारा निरसनपूर्वक केवल परिशिष्ट स्वयं प्रकाशमान अद्वैत निजी स्वरूपको प्रतिपादन गरिन्छ। प्रसङ्गवश ईश्वर-तत्त्व र मनुष्यको प्रारब्धमा अधिष्ठित ईश्वर-स्वरूपको निरूपण केवल द्वैत-प्रपञ्चको आत्यन्तिक निरसनका लागि हो। यस प्रकार जब निर्गुण ईश्वरको भक्तिपूर्वक जगत् निरस्त हुन्छ, तब त्यो निरसनको अवधिरूपले ब्रह्मदेखि अभिन्न निर्गुण ईश्वररूप मुमुक्षुको निजी वास्तव स्वरूप स्वयं प्रकट हुन्छ। यस प्रकार ब्रह्मको अभिव्यक्ति केवल निश्चल (अखण्डाकार) बुद्धिमा संभव हुन्छ। अद्वैत संस्थाका भक्तहरूद्वारा प्रकाशित अद्वैत तत्त्व-प्रतिपादक पुस्तक, पुस्तिकाहरूको प्रकाशनमा हृदयतः मेरो आशीर्वाद छ। यस प्रकार अद्वैत– विषयक पुस्तक प्रकाशनबाट भगवान् श्री पशुपतिनाथ प्रसन्न भएर प्रकाशकको हृदयमा स्थित पारमार्थिक अन्धकार विनष्ट गरिदिनुहुन्छ र भक्त ईश्वर-विज्ञानी बनिहाल्छ।

लक्ष्मी निवास — डा. क्षितीशचन्द्र चक्रवर्ती

२२, काँग्रेस एक्जिबिशन रोड़
पार्क सर्कस
कलकत्ता – १७

CC-0. In Public Domain. Digitization by eGangotri

श्री राम श्रेष्ठ
जन्मः १९८५ आश्विन कृष्ण एकादशी

श्रीमती कृष्णमाया श्रेष्ठ
जन्मः १९८९ पौष कृष्णपक्ष प्रतिपदा

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

प्रस्तुत अच्युताष्टक स्तोत्र आद्य जगद् गुरु शंकराचार्य-द्वारा रचित हो । यो स्तोत्र हाम्रो हिन्दुसमाजमा अत्यन्तै प्रचलित छ । श्रीमद्भागवत सप्ताह एवं अन्य यज्ञ यागा-दिमा यो अच्युताष्टक स्तोत्र पाठ गरिन्छ । सज्जन आस्तिक नर - नारीहरू यसलाई कण्ठ गरेका हुन्छन् । यो अति नै लोकप्रिय स्तोत्र हो ।

धेरै वर्ष पहिले यस स्तोत्रको अर्थ लेखाइबक्सन श्री गुरुदेवमा शिष्यहरूबाट बिन्ती चढाइएको थियो । श्री गुरुदेवले तुरुन्त नै स्वीकार गरिबक्सेर यसको अतिसरल रूपले रहस्यपूर्ण टीका लेखाइबक्स्यो । यसको पहिलो संस्करण देवघाट पीठाधीश जगद्गुरु श्री पद्मपाद सर-स्वतीज्यूको सौजन्यले प्रकाशमा आएको थियो । यसको समाप्ति भएको पनि निकै दिन भैसकेको थियो । एले आएर अत्यन्तै श्रद्धा राख्नुहुने उदारमना भक्तिमती अद्वैत संस्थाका सदस्य श्रीमती कृष्णमाया श्रेष्ठले दोस्रो संस्करण छाप्न स्वीकृति प्रदान गरेर ठूलो उदारता देखा-उनु भएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमती कृष्णमाया श्रेष्ठको यस्तो उद्‌गार छ - "सर्व-प्रथम ब्रह्मज्ञानी श्री गुरुदव डा. क्षितीशचन्द्र चक्रवर्तीज्यूमा कोटि कोटि दण्डवत समर्पण गर्दछु । म क्षर र अक्षरदेखि माथि स्थित उत्तम पुरुष शुद्ध चैतन्य सच्चिदानन्द ब्रह्म हुँ । म प्रमाता चैतन्य हैन । म तीन अवस्थाको साक्षी हुँ । सत्व, रज र तमोगुणबाट अलग शुद्ध चैतन्य थाहा रूप हुँ ।

मेरा पतिदेव श्री राम श्रेष्ठ श्री पशुपतिनाथका भक्त हुनुहुन्छ । उहाँको कृपाले मलाई अद्वैत संस्था मिल्यो । मलाई यस संस्थामा प्रवेश गर्न भक्तिमती तुलसी श्रेष्ठ एवं केदारमाया श्रेष्ठले ठूलो सहायता गर्नुभएको छ । त्यस-कारण उहाँ प्रति आभार व्यक्त गर्दछु । हे अच्युत परमेश्वर! मलाई यो दुःखमय संसारबाट रक्षा गर्नुहोस् । म पुनः अद्वैत ब्रह्मस्वरूप श्री गुरुदेवका पाउमा कोटि कोटि वन्दना गर्दछु" ।

अद्वैत संस्थाका पूजनीय कुलपतिज्यू, पीठाधीशज्यू-हरू एवं संस्थाका उच्च पदाधिकारीहरू तथा समस्त अद्वैत परिवारमा आस्था, आदर, श्रद्धा र भक्ति राख्नुहुने त्यागी भक्तिमती कृष्णमाया श्रेष्ठको मनमा श्री पशुपतिनाथ-देखि अभिन्न वास्तव स्वरूप परमात्मा साक्षिदेव प्रकट भएर उहाँको अज्ञान अन्धकारलाई सदाका लागि दूर गरिदिनुहुने छ यही प्रार्थना गर्दछौं ।

प्रकाशन विभाग

मिति : २०५१/२/२२ अद्वैत संस्था, नेपाल

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोकाष्टकको संक्षिप्त विवरण

प्रतिस्तोत्र हो भगवान्‌को स्तुति अर्थात् भगवत् स्वरूपको गुणगान किंवा उत्कर्षको स्मारक । त्यसकारण स्तोत्र पाठबाट हामीहरू भगवत्स्वरूपको समीपमा बस्न पाउँछौं । जस्तो उपनिषद्‌ले हामीहरूलाई ब्रह्मको समीपमा पुऱ्याएर हामीहरूको अज्ञानलाई विनष्ट गरिदिनुहुन्छ त्यस्तै भगवान्‌को स्तुति हुनेबित्तिकै हामीहरू स्वतः भगवत्स्वरूपको अत्यन्त नजीकमा बस्न पाउँछौं ।

त्यसकारण उपासनाबाट हामीहरूको चित्तको भगवत्स्वरूपमा स्थिरता संपादन हुन्छ । कर्मानुष्ठानबाट भगवत्स्वरूपलाई हामीहरूले अन्तरमा अनुभव गर्न पाउँछौं र ज्ञानबाट हामीहरू भगवत्स्वरूपसित एकता प्राप्त गर्न सक्छौं । यसरी कर्म र उपासनाबाट चित्तको शोधन (चित्तको भिन्न भगवत्स्वरूपतिर अभिमुखता र आफ्नो भगवत्स्वरूपमा चित्तको स्थिरता) प्राप्त भएपछि हामीहरूको चित्तको आवरणदोष विनष्ट हुन्छ । अर्थात् हामीहरू आफ्नो ब्रह्मस्वरूपको समीपमा पुगेर अज्ञानबाट रहित भइहाल्छौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् शङ्कराचार्यको यो अच्युताष्टक स्तोत्र हो क्रमबद्ध मान रूपले भगवत्स्वरूपको उत्कर्षको व्याख्यान।

यो क्रम तल देखाइन्छ :—

१) प्रथम श्लोकको प्रथम पादमा निर्गुण परमात्म स्वरूपको उल्लेखपूर्वक दोस्रो पादमा परमात्माको माया-शवल स्वरूप प्रतिपादित भएको छ।

२) निर्गुण ब्रह्मरूप अच्युत परमात्मालाई यहाँ पनि सगुण निर्गुण दुवै रूपले व्याख्यान गरिएको छ।

३) यो श्लोकमा पनि विष्णु, कृष्ण, राम आदि भिन्न-भिन्न सगुण परमात्मा र अवतारहरूको नाम, क्रिया-द्वारा सम्बन्ध र लक्षित निर्गुण परमात्मा नै प्रतिपादित भएको छ।

४) यो श्लोकमा विशेष गरेर कृष्णावतारको लीला-को उल्लेख गरिएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

५) यो श्लोकमा रामावतारको उल्लेख र राम-लीलाको उल्लेख दिग्दर्शन गरिएको छ ।

६) यसमा कृष्णलीलाको विशेष वर्णन गरिएको छ।

७) भगवान् कृष्णको त्रिमूर्ति ध्यानको सहायक संपूर्ण विग्रहको बयान गरिएको छ । यसप्रकार ध्यानको फल हो भगवान्मा चित्तको निश्चल रूपले अवस्थान । जस्तो निष्काम कर्मको फल हो चित्तको अन्तर्मुखता । त्यस्तै भजन किंवा भक्तिको फल आफ्नो परमात्मा स्वरूपमा चित्तको निश्चलता ।

८) तीन विभागमा विभाजित भगवान् कृष्ण मूर्ति-को शोभायुक्त वयान गरेर यहाँ त्रिमूर्तिको ध्यानको प्रति-पादन गरिएको छ ।

९) फलस्तुति बताइएको छ र (संस्पृह) शब्दको विशेष व्याख्या गरिएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

अच्युताष्टकम्

श्री गणेशाय नमः

अच्युतम् केशवम् रामनारायणम्
कृष्ण दामोदरम् वासुदेवम् हरिम् ॥
श्रीधरम् माधवम् गोपिकावल्लभम्
जानकीनायकम् रामचन्द्रम् भजे ॥

पदच्छेद र अन्वय :— अहम्, अच्युतम् केशवम्, रामनारायणम्, कृष्णदामोदरम्, वासुदेवम्, हरिम्, श्रीधरम्, माधवम्, गोपिकाबल्लभम्, जानकीनायकम्, रामचन्द्रम् भजे ।

श्लोकार्थ :— म, निष्प्रपञ्च परमात्मा जो केशव र राम नारायण रूप जगत्को अधिष्ठान हुनुहुन्छ, जो निर्गुण

CC-0. In Public Domain. Digitization by eGangotri

परमात्मा कृष्ण दामोदर हुनुहुन्छ र उहाँ नै वासुदेव जो हृदयनिवासी भैकन हाम्रो हृदयको अन्धकार नाश गर्नुहुन्छ र जो चितिशक्तियुक्त र अधिष्ठान, श्रुतिशास्त्रप्रतिपादित ब्रह्म वस्तु हो त्यही नै जगज्जननी सीताको अधिष्ठान रामचन्द्र — निर्विकल्प चित्स्वरूप परमात्मालाई भजन गर्दछु ।

प्रथम पाद

पदहरूको अर्थः—

अच्युतः- निष्प्रपञ्च परमात्मा, किनकि प्रपञ्चसित संयोग हो निर्गुण परमात्मस्वरूपबाट च्युति । त्यसकारण अच्युत हो च्युतिरहित ब्रह्मवस्तु । ब्रह्म हो सत्, चित्, अनन्त (आनन्द) स्वरूप । यहाँ अच्युत शब्दबाट सत्, चित्, अखण्ड आनन्द प्रतिपादित भएको छ ।

केशवः— निर्गुण परमात्मालाई द्योतन गर्दछ ।

रामः— निर्विकल्प चैतन्य स्वरूप परमात्मा ।

नारायणः— जगत्को अधिष्ठान स्वरूप ब्रह्म, परमात्मा हुनुहुन्छ राम पनि र नारायण पनि । यसप्रकार

CC-0. In Public Domain. Digitization by eGangotri

केवल अखण्ड चिदानन्द ब्रह्म वस्तु जो अच्युत शब्दको लक्ष्यार्थ थियो त्यो नै हो भगवान् राम पनि र नारायण पनि ।

द्वितीय पाद

कृष्ण दामोदर – जो निर्गुण परमात्मा कृष्ण रूपले अवतार* लिनुभएको थियो, जुन निर्गुण परमात्मा लक्षित हुनुहुन्छ । दामोदर – दाम्लो पेटमा भएको हुनाले दामोदर भनेर पनि अभिहित हुनुहुन्छ । अर्थात् स्तोत्रको पाठकर्ता म यो भगवत्स्तुतिको अर्थानुसन्धान गरेर परमात्मालाई आफ्नो वास्तव स्वरूप भनी अनुभव गरिराखेको छु ।

मेरो वास्तव स्वरूप हो निर्गुण ब्रह्म वस्तु अर्थात् सत् रूप, चित्रूप, सुखरूप, अद्वितीय, अविनाशी, परमार्थ सत्य वस्तु भनी आफूलाई अनुभव गरिराखेको छु । यसको

---

* — निर्गुण परमात्मा अच्युतबाट लिइएका अवतारहरू मध्ये मुख्य रूपमा दुई अवतार प्रसिद्ध छन्— राम र कृष्ण । त्यसैले ती प्रसिद्ध दुई अवतारको बारेमा स्तोत्रमा प्रसिद्ध उल्लेख पाइन्छ । यो अवतारग्रहण मायाद्वारा संभव हुन्छ (अवतारग्रहण हो मायिक) ।

CC-0. In Public Domain. Digitization by eGangotri

कारण यो हो कि भगवत्स्तुति हो उपासनारूप । त्यस-कारण मेरो वर्तमान अनुभव पनि हो उद्बुद्ध संस्कारपूर्वक केवल भावनारूप । यसप्रकार भावनाबाट हाम्रो चित्त अखण्ड ब्रह्म वस्तुमा स्थिर भएर बस्न सक्तछ। यसैको नाम हो भक्ति । भक्तिको वेदोक्त नाम हो उपासना । प्रति स्तोत्र हो उपासनापरक । उपासना संपादित भए चित्त निश्चल हुन्छ र अन्तर्मुख एवं निश्चल चित्तले बुद्धिपूर्वक आफ्नो परमात्मस्वरूपलाई स्पष्टरूपले अनुभव गर्न सक्दछ।

वासुदेव:- देवता आदि चराचर जगत् हो अधिष्ठान स्वरूप ब्रह्म । वसुदेवको पुत्र (कृष्ण) हो निर्गुण ब्रह्मस्वरूपको अवतार । कृष्ण शब्दद्वारा परमार्थ सत्य अखण्ड आनन्द स्वरूप ब्रह्म वस्तु नै लक्षित हुन्छ ।

हरि:- निर्गुण चित् सुख स्वरूप ब्रह्म जो मायाशवल भएर उपासकहरूको संपूर्ण पापलाई हरण गर्नुहुन्छ । यसरी भगवान्को संपूर्ण पापलाई हरण गर्ने शक्तिको स्मरण भयो भने उपासक आफ्नो अन्तरात्मस्वरूप परमेश्वरतिर ज्यादा आकृष्ट हुन्छ र उपास्य निर्गुण परमात्म वस्तुको उत्कर्ष पनि स्मरणमा आउँछ । उपासक हो आस्तिक संस्कारयुक्त पुरुष । त्यसकारण यस्तो पाप हरण गन शक्तिरूप उत्कर्षको उल्लेखबाट उपासकको चित्त भग-

CC-0. In Public Domain. Digitization by eGangotri

वान् हरिमा निश्चलरूपले स्थित भैहाल्छ । त्यसकारण प्रथम श्लोकको अन्तिम पादको अन्तमा उपासक पुरुष यस-प्रकार निर्गुण परमात्मा (जो मायाको संयोगवशात् पाप-हरण आदि ठूलो उपकार गर्न समर्थ हुनुहुन्छ) प्रति अत्यन्त आकृष्ट भएर परमेश्वरको भजनमा निश्चल रूपले स्थित हुन सक्छ ।

तृतीय पाद

श्रीधरः— चितिशक्ति-मायाशक्ति युक्त परमेश्वर-अथवा मायाशवल ब्रह्म । श्री शब्दको अर्थ हो परमात्माको अनन्त शक्ति, त्यसकारण अनन्त शक्तियुक्त परमात्मालाई श्रीधर भनिएको छ ।

प्रश्नः— यदि परमेश्वर निर्गुण नै हुनुहुन्छ तब उहाँलाई अनन्त शक्तियुक्त भन्नु संगत हैन ।

उत्तरः— यो हो अत्यन्त युक्तिसंगत, किनकि उपा-सक पुरुषको हितार्थ मात्र निर्गुण परमेश्वरलाई माया-शवल भनी शास्त्रमा भनिएको छ । उपासना र उपास्य यद्यपि पारमार्थिक दृष्टिले कल्पित हुन् तापनि पारमार्थिक दृष्टिमा नपुगेसम्म उपासक पुरुषले आफ्नो उपास्य परमे-

CC-0. In Public Domain. Digitization by eGangotri

श्वरलाई मार्थकरूपल आफ्नो हितकारी भनी संझिन्छ र उपासकको दृष्टिकोणलाई अनुवाद गरर श्रुतिले परमेश्वर-लाई सगुण भनी प्रतिपादन गर्नुभएको छ। श्रुतिले भन्नु भएको छ कि परमश्वरको सगुण भाव (रूप कल्पना) हो केवल उपासक पुरुषको हितार्थ। त्यसकारण सगुणभाव युक्तिसंगत हा।

माधव:— चित् शक्तिको अधिष्ठान निर्गुण परमात्मा। उपासक(S) पुरुषको हितार्थ निर्गुण परमात्मा मायायुक्त भैकन उपासक पुरुषको चित्तको स्थिरता संपादन गरिदिनु हुन्छ। त्यसकारण मायाशक्तिको अधिष्ठान माधव भनी (मा = माया, धव = अधिष्ठान) परमात्मालाई भनिएको छ।

गोपिकावल्लभ:— श्रुतिशास्त्रमा प्रतिपादित सारभूत अर्थ (ब्रह्म)। गोपिका हो संपूर्ण श्रुति, वल्लभ हो रह-स्यार्थक। संपूर्ण श्रुतिशास्त्रले जुन परब्रह्मलाई प्रति-पादन गरेको छ त्यो ब्रह्म हो गोपिकावल्लभ। गीतामा पनि भनिएको छ कि "वेदैश्च सर्वै रहमेव वेद्यः" अर्थात् परमात्मा हुनुहुन्छ संपूर्ण वेदको एकमात्र प्रमेय वस्तु।

S — उपासकानां सिध्यर्थं ब्रह्मणो रूपकल्पना।

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्थ पाद

जानकीनायकः– जगत्जननी (सीता किंवा प्रकृति) को अधिष्ठान । प्रकृति हो (शुद्ध चैतन्य ब्रह्मद्वारा अधिष्ठित भैकन) संपूर्ण जगत्को स्रष्टा । तर यः स्रष्ट्रत्व शक्ति वास्तवमा प्रकृतिको नभएको हुनाले त्यो शक्ति हो निर्गुण परमात्मवस्तुमा अध्यस्त; त्यसकारण निर्गुण परमात्मालाई जानकोनायक भनिएको छ ।

जानकी किंवा सीताको पति राम पनि हो वास्तवमा ब्रह्म । ब्रह्म हो प्रकृतिको अधिष्ठान । यसरी यो पादमा प्रकृति किंवा जगत् स्रष्ट्रत्व आदिको अधिष्ठान स्वरूप भनी अच्युत भगवत्–स्वरूपलाई लक्षित गरेको छ ।

रामचन्द्रः– निर्विकल्प चित् स्वरूप अर्थात् आनन्दघन ब्रह्म वस्तु, यो निर्गुण ब्रह्म वस्तुको अवतार हुनुहुन्थ्यो दशरथनन्दन राम ।

भजे:– म, भक्तिपूर्वक अच्युत भगवान्लाई अखण्ड सर्वात्मक वस्तु (र त्यसकारण मेरो पनि वास्तव स्वरूप) भनी भावना गरिराखेको छु, यद्यपि म ज्ञानदशामा प्राप्त भएको छैन तापनि उद्बुद्ध आस्तिक संस्कारपूर्वक निर्गुण

CC-0. In Public Domain. Digitization by eGangotri

परमेश्वरलाई मेरो वास्तव स्वरूप भनी भक्ति भावनाले भावना गरिराखेको छु ।

अच्युतं केशवं सत्यभामाधवं
माधवं श्रीधरं राधिकाराधितं ।
इन्दिरामन्दिरं चेतसा सुन्दरं
देवकीनन्दनं नन्दजं संदधे ॥२॥

पदच्छेद र अन्वय:- अच्युतम्, केशवम्, सत्यभामाधवम्, माधवम्, श्रीधरम्, राधिकाराधितम्, इन्दिरामन्दिरम्, चेतसा सुन्दरम्, देवकीनन्दनम्, नन्दजम्, (अहं) संदधे ।

श्लोकार्थ:- जो निर्गुण परमात्मा अच्युत र केशव नामले पुकारिनुहुन्छ, उहाँ नै मायालाई स्वीकार गरर सत्यभामाको पति, मायाको पति, अनन्त शक्तियुक्त परमात्मा, जसलाई राधिकाले आराधना गर्नुहुन्छ- अर्थात् शक्तिले शक्तिमान्लाई नै आराधना गर्दछ । समस्त शक्तिको आश्रयभूत चैतन्य वस्तु, सारा शक्तिको आवासस्थान कृष्ण परमात्मा जो निश्चल चित्तमा सुख रूपले अभिव्यक्त र

CC-0. In Public Domain. Digitization by eGangotri

देवकी र नन्दको मायिक पुत्र कृष्ण, उहाँलाई मेरो स्वरूप भनी ध्यान गर्दछु ।

प्रथम पाद

पदहरूको अर्थ

अच्युतः– श्लोक १ मा विवेचना भएको निस्प्रपञ्च परमात्मा ।

केशवः– श्लोक १ मा विवेचना भएको निर्गुण परमात्मा ।

सत्यभामाधवम् – सत्यभामाको पति कृष्ण' अर्थात् निर्गुण निरुपाधि परमात्मा ब्रह्म । निर्गुण परमात्मा कृष्ण रूपले अवतार लिनुभएको थियो । त्यसकारण "सत्यभामाका पति" यो शब्दले आफ्नो निर्गुण परमात्मस्वरूपलाई लक्षित गरिराखेको छ । अर्थात् कृष्ण हुनुहुन्थ्यो वास्तव निर्गुण ब्रह्म । त्यो निर्गुण परमात्मालाई भावनाद्वारा मेरो वास्तव स्वरूप हो भनी सम्यक् रूपले अनुसन्धान गरिराखेको छु ।

माधवः– चित् शक्तिको अधिष्ठान भनी पूर्व श्लोकमा नै विवेचना भएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीय पाद

श्रीधरम् – चितिशक्ति भनो विवेचना भएको छ ।

राधिकाराधितम् – राधिकाद्वारा आराधित जसको स्वरूप हो त्यो निर्गुण परमात्मा (कृष्ण) । यद्यपि राधिकाले आफ्नो पतिलाई आराधना गर्नुभएको थियो, तापनि जस्तो माथि देखाइसकियो त्यस्तै यहाँ पनि बुझ्नुपर्छ कि शक्तिले शक्तिमान्लाई नै आराधना गर्दछ अर्थात् कल्पित शक्तिको अधिष्ठान हो निर्गुण परमात्मा । त्यसकारण राधिकाराधित शब्दबाट निर्गुण परमात्मा नै लक्षित हुनु हुन्छ ।

प्र० – राधिकाले जसलाई आराधना गर्नुभएको थियो त्यो निर्गुण ब्रह्म कसरी हुन सक्तछ ?

उ० – राधिकाबाट आफ्नो पतिको आराधना परिच्छिन्न र दृश्यरूप भएको हुनाले त्यसको वास्तव स्वरूप हो अवश्य अधिष्ठानरूप निर्गुण ब्रह्म । यसरी राधिकाराधित शब्दको वाच्यार्थ परित्याग गरेर लक्ष्यार्थलाई ग्रहण गर्नुपर्छ । वाच्यार्थ हो क्षणिक लक्ष्यार्थ हो सनातन ।

CC-0. In Public Domain. Digitization by eGangotri

तृतीय पाद

इन्दिरामन्दिरम् – इन्दिराबाट आराधित वस्तु, अर्थात् परब्रह्म (कृष्ण) जस्तो राधिकाबाट आराधित वस्तु हो निर्गुण ब्रह्म । यहाँ पनि सबै प्रकार शक्तको अधिष्ठानरूप परब्रह्म लक्षित भएको छ । जस्तो पत्नीले पतिलाई भजन गर्छिन् । त्यो भजन वास्तवमा हो परम पति परमात्मामा पर्यवसित । त्यस्तै विभिन्न शक्तिरूप (स्त्रीरूप) बाट आराधित जो भगवान् राम किंवा कृष्णको लक्षित अर्थ हो, राम कृष्णादि अवतारको परम सारभूत निर्गुण ब्रह्म, त्यो निर्गुण निरुपाधि ब्रह्मलाई भक्तिपूर्वक मेरो नै वास्तव[१] स्वरूप भना भावना गरिराखेको छु ।

चेतसा सुन्दरम् – यसको अर्थ हो ज्यादा मार्मिक (चेतसा हो हेतुमा तृतीया) अर्थात् अखण्डाकार चित्तरूप हेतुले गर्दा जुन वस्तु आनन्दघन रूपले अभिव्यक्त हुन्छ त्यही निर्गुण परमात्मवस्तु भक्तिद्वारा निश्चलीकृत मोटो अन्तःकरणमा अत्यन्त रमणीय आनन्द स्वरूप भनी अवश्य प्रतिभात हुनेछ । त्यसैले त्यो परमात्मवस्तुलाई मेरो

---

[१] — जसको बारेमा स्तुति गरिन्छ त्यो यदि आफूमा अनुभूत हुन पाएन भने त्यो स्तुति पाठको केही सार हुँदैन । उपास्य देवलाई आत्मरूपमा अनुभव गर्नु हो आराधनाको फल ।

CC-0. In Public Domain. Digitization by eGangotri

3626

Dilliraman-Kalyani Regmi Memorial Library

वास्तव स्वरूप भनी भावनाद्वारा मैले नै अनुभव गरेको छु ।

प्र० – परमात्मा वस्तु कहिले सुन्दर भनी अनुभूत हुन्छ ?

उ० – जब तिम्रो चित्त निश्चलीकृत हुन्छ तब त्यसमा अभिव्यक्त परमात्मवस्तु अखण्ड सुखरूप भनी स्पष्ट अनुभूत हुनेछ। चेतस् शब्दको अर्थ हो निश्चल चित्त। चित्तको निश्चलता हो परा भक्ति ● बाट उत्पन्न । यसरी जो मेरो वास्तव स्वरूप र सबैको स्वरूप हो त्यो अद्वितीय सुखरूप वस्तु, यसप्रकार स्पष्ट (बुद्धिपूर्वक) अनुभूत हुन्छ केवल निश्चल चित्तमा; जहाँ हृदयस्थित सर्वात्म ब्रह्म स्पष्ट रूपले भासमान हुन्छ ।

● — श्रेष्ठ भक्ति, मैले खोजेको जो प्रिय वस्तु हो त्यो मेरो नै वास्तव स्वरूप हुनुपर्छ । पराभक्ति पनि हो परमात्मा मेरो नै वास्तव स्वरूप हो भनी निश्चय गर्नु । भक्तिमान् मान्छे परमात्मालाई सुन्दर — मजाको आनन्दको – भनी निश्चय गर्दछ । चित्त आफूदेखि भिन्नरूपमा सदाकाल रहन सक्तैन, त्यसैले भक्ति हो खास निर्गुण ।

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्थ पाद

देवकीनन्दनम् – ब्रह्मस्वरूप भगवान् कृष्ण । कृष्णरूपले देवकीको छोरा भनी प्रसिद्ध हुनुहुन्छ ।

नन्दजम् – नन्दपुत्र (कृष्ण) द्वारा जन्मरहित निर्गुण परमात्मा नै लक्षित हुनुहुन्छ (जन्मग्रहण हा मायिक)।

सन्दधे:– सम्यक् रूपले मेरो वास्तव स्वरूप भनेर ध्यान卐 (भक्ति) गरिराखेको छु ।

विष्णवे जिष्णवे शङ्खिने चक्रिणे
रूक्मिणीरागिणे जानकीजानये ।
बल्लवीवल्लभार्चितायात्मने
कंसविध्वंसिनेवंशिने ते नमः ॥३॥

पदच्छेद र अन्वयः– अहं ते (तुभ्यं) (कथं भूताय तुभ्यम्) विष्णवे, जिष्णवे, शङ्खिने, चक्रिणे, रूक्मिणीरागिणे, जानकीजानये, बल्लवीवल्लभाय, अर्चिताय, आत्मने, कंसविध्वंसिने. वंशिने, ते नमः ।

卐 ध्यान र ज्ञान हो भिन्न । ध्यानमा अन्तःकरण रहन्छ तर ज्ञानमा रहँदैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोकार्थः– जगत्को परिपालन र संहार गर्ने, शङ्ख-चक्र धारण गर्नुहुने र रुक्मिणीका प्रति स्नेहयुक्त भएर रहनुहुने, साथै रामावतारमा जानकीलाई आफ्नो सहधर्मिणी तुल्याउनु हुने, गोपिनीहरूका प्रिय परमपति र सारा प्राणीहरूले जसलाई आत्मरूपले पूजा गर्दछन् जो आत्म स्वरूप नै हुनुहुन्छ। यता कंशलाई विध्वंस गर्ने र उता वंशिधारी बनेर भक्तहरूको मनलाई आफूतिर खिच्नुहुन्छ। यस्ता राम कृष्ण अवतारी (वास्तव निर्गुण परमात्मा) हजूरलाई आत्मरूपले नमस्कार गरिरहेको छु।

प्रथम पाद

पदहरूको अर्थ

विष्णवे जिष्णवे – यो पदद्वयको सम्बन्ध हो द्वितीय पादको अन्तिम शब्द नमः सित। जो भगवान् विष्णु🕉 (पालनकर्ता) र भगवान् जिष्णु▩ (विजेता) हुनुहुन्छ अर्थात् वास्तवमा निर्गुण भैकन पनि जगत् पालनादि र

🕉 — जो ईश्वरनिर्दिष्ट (प्रारब्ध) कुरालाई र मायानिर्दिष्ट वस्तुलाई पालन गर्नु हुन्छ।

▩ — हाम्रो आफ्नो – आफ्नो आकांक्षालाई जो जितिहाल्नुहुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

भगवद्विरुद्ध आसुरी चेष्टालाई जित्नु आदि क्रियाको अपेक्षाले सगुण भनी प्रसिद्ध हुनुहुन्छ ती निर्गुण परमात्मा प्रति मेरो नमस्कार छ । नमस्कार शब्दको अर्थ हो नमस्य वस्तुदेखि जो आपाततः भेदभाव हो त्यसलाई परिवर्जन गरेर उपास्य वस्तु सित आफ्नो वास्तव अभेदलाई भक्ति-पूर्वक ध्यान गर्नु । मैले यसरी निर्गुण परमात्मालाई भक्ति-पूर्वक चिन्तन गरिराखेको छु ।

शङ्खिने, चक्रिणे:– शङ्ख – चक्र – धारणबाट भगवान् विष्णुको यथार्थ ब्रह्मस्वरूप यहाँ लक्षित भएको छ । भगवान्को रूपकल्पना हो उपासकमाथि निर्गुण भगवान्को अनुग्रह (यो बारम्बार भनिरहिएको छ) । भगवान् वाह्य दृष्टिले शङ्ख – चक्र – धारी र अन्तर्दृष्टिले हृदय-निवासी (दुवै हो भगवान्को सगुणरूप – सर्वात्मा र अन्तरात्मा –) भनी अनुभूत हुनुहुन्छ, तापनि वहिः-स्थित र अन्तःस्थित भगवान् वास्तवमा हुनुहुन्छ निर्विभाग, एकरस, अखण्ड, चिदानन्दस्वरूप ब्रह्म । गीतामृत पृष्ठ ५०२ माझमा हेर्नू, ईश्वर विज्ञान ग्रन्थ हेर्नू ।

रुक्मिणीरागिणे:– रुक्मिणी प्रति स्नेहयुक्त, रुक्मिणी-का पति जो कृष्ण हुनुहुन्छ उहाँ ब्रह्मका पूर्ण अवतार भनी

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसिद्ध हुनुहुन्छ । उहाँलाई मैले भक्ति भावले मेरो वास्तव स्वरूप भनी ध्यान गरिराखेको छु ।

जानकीजानयेः— जानकी हुनुहुन्छ जसकी सहधर्मिणी । यस शब्दले पनि दशरथपुत्र रामको* वाच्यार्थ भएर वास्तवमा निर्गुण ब्रह्मवस्तुलाई लक्षित गरेको छ । भगवान् रामद्वारा लक्षित परब्रह्म परमात्मालाई मैले भक्तिभावले मेरो वास्तव स्वरूप भनी अनुभव गरिराखेको छु ।

अर्चितायात्मने — सबै प्राणीबाट पूजित, सारा देवताहरूको वास्तव स्वरूप जो निर्गुण परमात्मा हुनुहुन्छ उहाँलाई मैले अभेद भावनापूर्वक ध्यान गरिरहेको छु । सबैको अर्चित वस्तु हो भिन्न भिन्न देवताहरू । तो सारा देवताहरूको वास्तव स्वरूप हो निर्गुण ब्रह्म । त्यो निर्गुण ब्रह्म हो मेरो पनि वास्तव स्वरूप । यसरी भावनापूर्वक मेरो वास्तव स्वरूपलाई याद गरिराखेको छु ।

वल्लवीवल्लभायः— गोपिनीहरूका प्रिय परमपति कृष्ण परमात्मा, जो हुनुहुन्छ वास्तवमा पूर्ण अवतार । उहाँलाई मैले अभेदभावले चिन्तन गरेको छु ।

---

* — गोपिकाबल्लभको व्याख्या हेर्नु होस् (श्लोक १)

CC-0. In Public Domain. Digitization by eGangotri

कसविध्वंसिने – राक्षसराज कसको मृत्युको कारण (मृत्युर्भोजपतेः) । कृष्ण🔱 परमात्माले कंसलाई विनाश गर्नुभएको थियो । त्यही कंसका विनाशकारी कृष्णद्वारा लक्षित जो निर्गुण परमात्मा हुनुहुन्छ उहाँलाई म नमस्कार गर्दछु ।

वंशिने – वंशिधारी कृष्णलाई मेरो नमस्कार । हे अच्युत परमात्मा ! तपाईंको अवतारस्वरूप 'रामकृष्ण'🔴 लाई गरिएको यो नमस्कारद्वारा केवल तपाईंलाई नै मैले नमस्कार गरिराखेको छु । (ते नमः) ।

कृष्ण गोविन्द हे रामनारायण
श्रीपते वासुदेवाजित श्रीनिधे ।
अच्युतानन्त हे माधवाधोक्षज
द्वारकानायक द्रौपदिरक्षक ॥४॥

पदच्छेद र अन्वय:– हे कृष्ण ! हे गोविन्द ! हे रामनारायण ! हे श्रीपते ! हे वासुदेव ! हे अजित ! हे श्री-

---

🔱 – ईश्वरको काम हो शिष्ट – रक्षण र दुष्ट – विनाश ।

🔴 – जो निर्गुण परमात्माको प्रसिद्ध अवतार हो राम कृष्ण ।

CC-0. In Public Domain. Digitization by eGangotri

निधे ! हे अच्युत ! हे अनन्त ! हे माधव ! हे अधोक्षज ! हे द्वारकानायक ! हे द्रौपदीरक्षक !

श्लोकार्थ - यस श्लोकमा निर्गुण, अच्युत परमात्माको पुकारा गरिएको छ र परवर्ती श्लोकमा रामावतारको नामोच्चारण गरेर आफ्नो रक्षाका लागि प्रार्थना गरिएको छ ।

प्रथम पाद

पदहरूको अर्थ

कृष्ण:- कृष्णलाई सम्बोधन गरेर कृष्णावतार कृष्णलीलाद्वारा उपलक्षित निर्गुण परमात्मवस्तुलाई स्मरण गरिएको छ ।

गोविन्द:- इन्द्रियहरूको प्रकाशकलाई गोविन्द भनिएको छ। आँखाले रूप देख्दछ र त्यही आँखाबाट भएको रूपदर्शनलाई जसले प्रकाश गरिराखेको छ त्यस्तो गोविन्द परमात्मा (निर्गुण ब्रह्म) लाई म नमस्कार गर्दछु । अर्थात् गोविन्द परमात्मासित अभेद भावनालाई पुकारिराखेको छु ।

CC-0. In Public Domain. Digitization by eGangotri

रामनारायण:– एक 'अखण्ड' ब्रह्म (अच्युत) परमात्मा नै यहाँ राम शब्दद्वारा र नारायण शब्दद्वारा लक्षित हुनुहुन्छ, यहाँ ती परमात्मालाई नै भक्त (म) सम्बोधन गर्दछु र नमस्कार पनि।

श्रीपते – यो पनि सम्बोधन हो। श्री पति हुनुहुन्छ सर्वशक्तिका अधिष्ठानरूप ब्रह्म। उहाँलाई नै पुकार र नमस्कार गर्दछु।

अजित:– सर्वजगत्का अधिष्ठान। ती अजित भगवान् कसैले जितिएका हुनुहुन्न; किनकि ती भगवान् (आत्मा) कहिले पनि अरूका दृश्य हुन सक्नुहुन्न। सदा सर्वद्रष्टा सर्वप्रकाशक परमात्मा नै भइरहनुहुन्छ। उहाँलाई नै यहाँ अजित शब्दले पुकारिरहेको छु।

श्रीनिधे:– सम्बोधन पद। मायाशक्तिका अधिष्ठान निर्गुण ब्रह्मलाई भक्त (म) सम्बोधन गर्दछु।

अच्युतानन्त:– परब्रह्म – जो अच्युत र माया सबल भैकन अनन्त पनि भनिन्छ, किंवा परब्रह्म। जो आफ्नो महिमामा स्थित भैकन अखण्ड आनन्दरूप पनि हुनुहुन्छ। यो पनि सम्बोधन पद हो।

CC-0. In Public Domain. Digitization by eGangotri

माधवाधो क्षजः— (सम्बोधनपद)। परब्रह्म जो माया-का अधिष्ठान हुनुहुन्छ र अधोक्षज नामद्वारा पनि बोलाइनुहुन्छ ।

द्वारकानायकः— द्वारकाका राजा कृष्णद्वारा उपलक्षित परब्रह्म ।

द्रौपदीरक्षक — कृष्णले वस्त्रावतार लिएर दुर्योधनको सभामा द्रौपदीको मानरक्षा गर्नुभएको थियो; उहाँ हुनुहुन्छ परब्रह्म । ती परब्रह्मलाई सम्बोधन गरेर हे परमात्मा ! मलाई रक्षा गर्नुहोस् भनी पछि आउने पञ्चम श्लोकमा भक्तद्वारा प्रार्थना गरिएको छ (जुन कुरा श्लोकार्थमा पनि बताइएको छ) ।

राक्षसक्षोभितः सीतया सोभितो-
दण्डकारण्यभूपुण्यताकारणः ।
लक्ष्मणेनान्वितो वानरैः सेवितोऽ-
गस्त्यसंपूजितो राघवः पातु माम् ॥५॥

CC-0. In Public Domain. Digitization by eGangotri

पदच्छेद र अन्वयः- राक्षसक्षोभितः, सीतया सोभितः, दण्डकारण्यभूपुण्यताकारणः, लक्ष्मणेन अन्वित, वानरैः सेवितः, अगस्त्यसपूजित, राघवः माम् पातु ।

श्लोकार्थ.– रावणादि राक्षसहरूले जसलाई रिस उठाइएको थियो । जो आदर्श पतिव्रता महारानी सीता-बाट शोभायुक्त हुनुभएको छ, दण्डक नाम गरेको जङ्गल-को पृथ्वोलाई पवित्र गराउनमा कारण हुनुभएका, भाई लक्ष्मणले र हनुमानादि वानरहरूले सेवा गरिराख्नुभएका, अगस्त्य मुनिद्वारा पूजित हुनुभएका, ती रघुकुल – तिलक रामचन्द्र मलाई रक्षा गर्नुहोस् ।

प्रथम पाद

पदहरूको अर्थ

पदव्याख्याः– यो श्लोकमा– रामावतारको लीला-को उल्लेख गरिएको छ ।

राक्षसक्षोभितः– दशानन आदि राक्षसहरूले जस-लाई क्षोभ (रिस) उत्पन्न गराएका थिए त्यस्ता भगवान् **राम** (मलाई रक्षा गर्नुहोस्) ।

CC-0. In Public Domain. Digitization by eGangotri

सीतया* शोभितः- सीतारूप पतिव्रता पत्नीको विद्यमानताले शोभा प्राप्त भएका भगवान् रामचन्द्र ।

द्वितीय पाद

दण्डकारण्यभूपुण्यताकारण – (जुन रामले) आफ्नो उपस्थिति (निवास) र भ्रमणद्वारा दण्डक जङ्गललाई पुण्यभूमि बनाउनुभएको थियो (ती भगवान् राम मलाई पालन गर्नुहुन्छ) ।

अथवा– दण्डक नाम गरेको अरण्य (जङ्गल) भन्ने जो प्रसिद्ध स्थान छ. त्यो स्थानको पुण्यतालाई आफ्नो निवासले गर्दा बढाउनमा भगवान् राम नै कारण हुनुभएको थियो. किनकि रामको बसोबास त्यो जङ्गलमा नभएको भए त्यो जङ्गल पुण्यभूमि बन्ने थिएन । त्यस्ता रामचन्द्र (मेरो रक्षा गर्नुहोस्) ।

---

* – रामसीताको सहनिवास हो ज्ञानीको हृदय, जहाँ ब्रह्माकार वृत्तिरूप सीता र त्यसमा स्पष्ट रूपले भासमान राम, दुवै विद्यमान हुनुहुन्छ; किन्तु अज्ञानीको हृदयमा केवल राम निवास गर्नुहुन्छ । (ब्रह्म ज्ञानी अज्ञानीको हृदयमा पनि निवास गर्नुहुन्छ । तर ब्रह्मको अनुभव (ब्रह्माकार वृत्ति) अज्ञानीको हृदयमा रहन सक्तैन ।)

CC-0. In Public Domain. Digitization by eGangotri

तृतीय पाद

लक्ष्मणेनान्वितः– राम भाई लक्ष्मणसित वन जानु-भएको थियो। लक्ष्मणसित संयुक्त राम (मेरो रक्षा गर्नु-होस्)।

वानरैः सेवितः– हनुमान् आदि वानरद्वारा सेवा गरि-नुभएको जो भगवान् रामचन्द्र हुनुहुन्छ, ती रामचन्द्र भगवान् (मेरो रक्षा गर्नुहोस्)।

चतुर्थ पाद

अगस्त्यसंपूजितः– भगवान् राम वनवास जानुहुँदा अगस्त्य मुनिद्वारा सम्यक् रूपले पूजा गरिनुभएको थियो (अर्थात् उहाँलाई अगस्त्यले पूजा गर्नुभएको थियो यस्ता जो राम) तो भगवान्द्वारा उपलक्षित परब्रह्म (मेरो रक्षा गर्नुहोस्)।

राघवः– भगवान् राम रघुकुलमा उत्पन्न हुनुभएको हुनाले राघव शब्दले कथित हुनुहुन्छ। (राघव भनेर भन्ने गरिन्छ)। जुन परब्रह्मको अवताररूप राम हुनुहुन्छ, राम शब्दद्वारा ती परमात्मा नै लक्षित हुनुहुन्छ। (उहाँ नै मेरो रक्षा गर्नुहोस्)।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रश्न– निर्गुण परब्रह्म कसरो उपासक (तिमी)-लाई रक्षा गर्न सक्नुहुन्छ ?

उत्तर– सगुण परमात्माले जो रक्षा आदि उपकार गर्नुहुन्छ परमात्माको सगुणभाव कल्पित भएको हुनाले त्यसको अधिष्ठान परब्रह्ममा रक्षण आदि क्रिया उपचरित हुन्छ । आपात दृष्टिले निर्गुण ब्रह्मले कसैको कुनै उपकार – अपकार नगरे तापनि त्यसमा सगुणभाव मायाद्वारा कल्पित हो र उपकार परब्रह्ममा केवल आरोपित हुन्छ ।

धेनुकारिष्टकोऽनिष्टकृद्द्वेषिणाम्
केशिहा कंसहृद् वंशिकावादकः ।
पूतनाकोपकः सूरजाखेलनो
बालगोपालकः पातु मां सर्वदा ॥६॥

पदच्छेद र अन्वयः– धेनुकारिष्टकः, द्वेषिणाम्, अनिष्टकृत्, केशिहा, कंसहृत्, वंशिकावादकः, पूतनाकोपकः, सूरजाखेलनः, बालगोपालकः सर्वदा, मां, पातु ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोकार्थः– धेनुक नाम गरेको एक असुर गदाको रूप लिएर कृष्णलाई मार्न आएको थियो त्यसलाई कृष्ण परमात्माले मार्नुभएको थियो । त्यसैले भगवान् कृष्ण उसको अरिष्ट बन्नुभएको हो त्यस्ता कृष्ण र जो भगवद् द्वेषीका अनिष्टकारी हुनुहुन्छ, केशी नाम गरेको दैत्यलाई मार्नु हुने, कंसलाई हनन गर्ने, वाँसुरी बजाउने, पूतना-लाई क्रोधित गराउने, यमुनाविहारी. बाल गोपाल जो कृष्ण हुनुहुन्छ, उहाँ सँधै मलाई रक्षा गरिराख्नोस् । (यसरी भक्त प्रार्थना गर्दछ) ।

यस श्लोकमा प्रसिद्ध कृष्णावतार लीलाको उल्लेख गरिएको छ ।

धेनुकारिष्टकः– धेनुक नाम गरेको दैत्यका शत्रुरूप अर्थात् जसले (भगवान् कृष्णले) धेनुक असुरलाई मार्नु-भएको थियो ।

अनिष्टकृद् द्वेषिणाम्: नास्तिक पुरुषका अनिष्टकारी (भगवान् कृष्ण), अर्थात् जो कृष्ण परमात्माले नास्तिक पुरुष र असुरहरूलाई हनन गर्नुभएको थियो । कृष्णा-वतारको प्रसिद्ध लीला हो भगवद्द्वेषी प्राणीहरूलाई विनाश गर्नु ।

CC-0. In Public Domain. Digitization by eGangotri

केशिहा: केशी नाम गरेको असुरलाई मार्ने (कृष्ण परमात्मा), गीतामा पनि भनिएको छ "परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ..... संभवामि युगे युगे"।

कंसहृत्:- जो कृष्ण परमात्माले कंसलाई हनन गर्नुभएका थियो, कंसका हननकारी (कृष्ण भगवान्), "..... मृत्युर्भोजपते ....." (श्री मद्भागवत दशम स्कन्ध पूर्वार्द्ध ४७ अ०)।

वंशिकावादक - कृष्ण परमात्मा, जसको हातमा प्रसिद्ध वशी (वाँसुरी) थियो र आफूले त्यो वाँसुरीलाई बजाउनु हुन्थ्यो। जो वंशीवादनद्वारा गोपिकाहरूको मनलाई र अरू भक्तहरूलाई मुग्ध र आफूतिर आकृष्ट गर्नुभएको थियो।

यसप्रकार यस श्लोकमा भगवान् कृष्णको लीलाको उल्लेख गरेर उहाँका अद्भुत लीलाद्वारा हामीहरूको चित्तमा भगवद्भक्तिको संचार र तज्जन्य निश्चलता सिद्ध गर्नुहुन्छ। किनकि यस्तो अद्भुत भगवद्लीला कथा सुन्नु र मनन गर्नुबाट आस्तिक हामीहरू भगवान् कृष्ण प्रति ज्यादा आकृष्ट हुन्छौं। यसरी यो भगवद्स्तुत पाठद्वारा र अर्थको अनुसन्धानद्वारा हामीहरूको चित्त सर्वा-

CC-0. In Public Domain. Digitization by eGangotri

त्मक कृष्ण परमात्मामा अर्थात् सर्वात्मक भएको हुनाले वास्तवमा मायारहित र निष्प्रपञ्च अच्युत (ब्रह्मस्वरूप) मा हामीहरूको चित्त निश्चल भएर अवस्थित हुन्छ। यसरी स्तव पाठबाट चित्त आकृष्ट हुन्छ र चित्त अलौकिक लीलाकथाको प्रभावले विश्चल भएर चित्तको आधार र अधिष्ठान जो अच्युत परमात्मा हुनुहुन्छ त्यसमा स्वतः स्थित भैहाल्छ।

पूतनाकोपकः— पूतना भन्ने बालघातिनी राक्षसीको स्तनपानद्वारा त्यसलाई कोपसंयुक्त (रिसाएको) तुल्याएर हत्या गर्नुभएको थियो, यस्ता कृष्ण परमात्मा। पूतना कृष्णलाई मार्न खटिएकी थिई, किन्तु भगवान् कृष्णको अद्भुत शक्तिको प्रभावले त्यसको स्तनपान गरेर त्यसलाई ज्यादा उत्तेजित गराउनु भएको थियो र आखिर त्यसले प्राण पनि परित्याग गर्न बाध्य भई (अर्थात् प्राण छोडो)।

सूरजाखेलनः— कालिन्दीमा जुन कृष्ण परमात्माले विहार (जलक्रीडा — खेल) गर्नुभएको थियो र कालीयलाई पनि दमन गर्नु भई जललाई निर्विष तुल्याउनुभएको थियो।

CC-0. In Public Domain. Digitization by eGangotri

वालगोपालकः– साना गोपाल बालक (भगवान् कृष्ण नन्दका आनन्द वर्द्धक) अथवा साना – साना गाईको वाच्छा – वाच्छिको पालन – पोषण गर्ने कृष्ण ।

पातु मां सर्वदा – यो प्रसिद्ध अवतार भगवान् श्री-कृष्ण मलाई (यो स्तोत्र पाठ – कर्तालाई) अवश्य सर्वदा पालन गर्नुहुन्छ (भक्त मलाई अवश्य सर्वदा आपत्बाट रक्षा गर्नुहुन्छ र प्रयोजनीय अर्थ आदि साधन प्राप्त गराइ दिनुहुन्छ)। मैले आपनो रक्षा र प्रयोजनीय संपत् आदिका लागि अरू कसैमाथि भर पर्नुपरेको छैन, केवल भगवान्-को प्रसादबाट भक्त मेरो रक्षण पालन आमरण अवश्य भई नै रहन्छ। यसप्रकार मैले अनुभव पनि गरिराखेको छु ।

विद्युद्द्योतवत्प्रस्फुरद्वाससम्
प्रावृडम्भोदवत्प्रोल्लसद्विग्रहम् ।
वन्यया मालया शोभितोरःस्थलम्
लोहितांघ्रिद्वयं वारिजाक्षं भजे ॥७॥

पदच्छेद र अन्वयः– विद्युद्द्योतवत्प्रस्फुरद्वाससम्, प्रावृडम्भोदवत् प्रोल्लसद्विग्रहम्, वन्यया मालया, शोभितो-

CC-0. In Public Domain. Digitization by eGangotri

रःस्थलम्, लांहिगांघ्रिद्वयं, वारिजाक्षं अहं भजे ।

श्लोकार्थ:- चम्किएको बिजुली जस्तै जसको वस्त्र चम्किरहेका छन् (बिजुलीको दृष्टान्तबाट पीताम्बरधारी कृष्णलाई लक्षित गरिएको छ) । वर्षाकालको मेघ जस्तै उहाँका शरीर शोभायुक्त भैरहेको छ (यसबाट श्यामवर्ण कृष्णलाई लक्षित गरिएको छ) । वनमालाले जसको छाती शोभा पाइरहेको छ, जसका पादद्वन्द्व सुकुमार र राता छन्, जसका आँखा कमल जस्ता छन्, यस्ता कृष्ण परमात्मालाई म भजन गर्दछु ।

प्रथम पाद

पदहरूको अर्थ

विद्युद्द्योतवत्प्रस्फुरद्वाससम्:- जसको वस्त्र चम्किरासेको छ जस्तो आकशमा अकस्मात् बिजुलीको चमक हुन्छ, ती कृष्ण परमात्मालाई भजन गर्दछु । (भक्तिले गद्गद् भएर आफ्नो वास्तव स्वरूप भनी भावना गर्दछु) ।

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीय पाद

प्रावृडम्भोदवत्प्रोल्लसद्विग्रहम्:– जसको शरीर वर्षाको मेघ झैं शोभायुक्त भैराखेको छ (यस्ता भगवान् कृष्ण प्रति मेरो अभेद भावना भैराखेको छ)।

तृतीय पाद

वन्यया मालया:– वनमाला (वनमा फुलेको फूलको मालाले – अथवा पाउसम्म लट्किरहेको मालाले)।

शोभितोरःस्थलम– जसको छाती शोभायुक्त भैराखेको छ।

चतुर्थ पाद

लोहितांघ्रिद्वयम्:– जसको पाद युगल रातो र रमाईलो छ, यस्ता कृष्ण परमात्मा मेरो भजनीय (उपास्य देवता) हुनुन्हुछ।

वारिजाक्षं भजे:– जसका दुईओटा आँखा हुन् कमल-

CC-0. In Public Domain. Digitization by eGangotri

का पात जस्ता, यस्ता कृष्ण परमात्मालाई म भजन गर्दछु ।

कुञ्चितैः कुन्तलैर्भ्राजमाननं
रत्नमौलिलसत्कुण्डलं गण्डयोः ।
हारकेयूरकं कङ्कणप्रोज्ज्वलम्
किङ्किणीमञ्जुलं श्यामलं तं भजे ॥८॥

पदच्छेद र अन्वयः– कुञ्चितैः, कुन्तलैः, भ्राजमाननम्, रत्नमौलिम्, गण्डयोः, लसत्कुण्डलम्, हारकेयूरकं, कङ्कणप्रोज्ज्वलम्, किङ्किणीमञ्जुलं, श्यामलं तं भजे ।

श्लोकार्थः– घुँगुरिएका अलकहरूले मुखारविन्द शोभायुक्त छ र शिरमा रत्नमुकुट चम्किरहेको छ । दुबै गालामा कुण्डल शोभायुक्त बनिरहेका छन् । छातीमा हार, बाहुमा बाजुले शोभा दिइरहेको छ । हातलाई बालाले उज्यालो तुल्याइरहेको छ, घुंगुराले पाद युगल राम्रो बनिरहेकोछ, यस्ता ती श्यामवर्ण कृष्ण परमात्मालाई म भजन गर्दछु ।

CC-0. In Public Domain. Digitization by eGangotri

समस्त विग्रहको शाभायुक्त बयानद्वारा त्रिमूर्ति ध्यान-लाई सफल तुल्याइएको छ ।

प्रथम पाद

पदहरूको अर्थ

कुञ्चितैः कुन्तलैः— घुँगुरिएका केशहरूले गर्दा ।

भ्राजमाननमः— शोभायुक्त भैराखेको छ मुख जसको (यस्ता कृष्ण परमात्मालाई) म भजन गर्दछु ।

द्वितीय पाद

रत्नमौलिमः— रत्नजडित छ मुकुट जसको (यस्ता कृष्ण परमात्मालाई म भजन गर्दछु) ।

लसत्कुण्डलं गण्डयो.— जलको गालामा कुण्डलले शोभा गरिरहेको छ (यस्ता कृष्ण परमात्मालाई म भजन गर्दछु) ।

CC-0. In Public Domain. Digitization by eGangotri

तृतीय पाद

हारकेयूरकम्:– जसको गलामा हार र बाहुमा बाजु शोभा दिइरहेका छ (यस्ता कृष्ण परमात्मासाई मेरो भजनीय देवता हुनुहुन्छ) ।

कङ्कणप्रोज्ज्वलम् – जसको हातलाई कङ्कण (बाला)-ले उज्वल तुल्याइराखेको छ । ध्वन्यर्थ यो हो कि कृष्ण परमात्माको हातले कङ्कणलाई पनि ज्यादा उज्यालो तुल्याइराखेको छ, यस्ता कृष्ण परमात्मालाई मैले उपासना गरिराखेको छु) ।

चतुर्थ पाद

किङ्किणीमञ्जुलम – घुँगुराले सुन्दर भएका पादकमल छन् जसका यस्ता कृष्ण परमात्माको उपासना गर्दछु ।

श्यामलम्:– श्यामवर्णयुक्त कृष्ण परमात्मालाई उपासना गर्दछु ।

तं भजे:– कृष्ण परमात्मालाई (म स्तोत्रपाठ-कर्ता) भजन गर्दछु ।

–□–

CC-0. In Public Domain. Digitization by eGangotri

अच्युतस्याष्टकं यः पठेदिष्टदं
प्रेमतः प्रत्यहं पूरुषः सस्पृहम् ।
वृत्ततः सुन्दरं कर्तृ विश्वम्भरम्
तस्य वश्यो हरिर्जायते सत्वरम् ॥६॥

सुन्दर पद्यमा रचित भएको यो (अच्युताष्टक) स्तोत्र पाठकर्तालाई इष्ट फल दिने हुन्छ । त्यसकारण जसले प्रतिदिन इष्ट प्राप्तिको इच्छाले प्रेम पूर्वक पढ्दछ त्यस्तो आफूलाई ग्रहण गर्ने त्यो भक्त माथि भगवान् हरि अनुग्रह गरेर चाँडै नै भक्ताधीन बनीकन इष्ट फल प्रदान गर्नुहुन्छ र यस स्तोत्रमा गरिएको बयानबाट यो सिद्ध हुन्छ कि भगवान् हरि हुनुहुन्छ ज्यादा रमणीय र उत्कृष्ट वस्तु । त्यसैले भगवत् प्राप्तिको चाहना सबैको बनिरहन्छ ।

श्लोकमा उक्त भएको सस्पृहम् शब्दबाट यस्तो बुझिन्छ – प्रारब्धबाट उपस्थापित क्रियायुक्त पुरुष । तर वास्तवमा जो पुरुष निष्काम हुन्छ, यहाँ क्रियायुक्तता र निष्कामनामा वास्तवमा कुनै विरोध छैन किनकि यद्यपि

CC-0. In Public Domain. Digitization by eGangotri

पाठकर्ता मनमा स्पृहा (इच्छा) राख्दछ तापनि त्यो इच्छा-लाई पदार्थमा अभिव्यक्त हुन नदिईकन निष्कामनालाई (चित्तवृत्तिको अनुदयलाई) अपनाउँछ । यसरी स्पृहायुक्त र निष्काम भैकन जसले यो स्तोत्र पाठ गर्दछ त्यस पुरुष-माथि ईश्वर चाँडै नै अनुग्रह गर्नुहुन्छ । (जस्तो कृष्ण पर-मात्माले निष्काम सुदामाको इच्छालाई पुरा गर्नुभएको थियो) ।

अच्युतार्पणमस्तु

3626

CC-0. In Public Domain. Digitization by eGangotri

वृक्षा देवी

सन्तेराम अदीथा कृष्णा मैत्री बुद्ध

CC-0. In Public Domain. Digitization by eGangotri